# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २२३ काठमाडौं बुधबार, २७ मंसिर २०८० Prabhab National Daily Wednesday, December 13, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


पीडामा लैंगिक तथा यौनिक अल्पसंख्यक ज्येष्ठ नागरिक

## अभिभावक बन्न सकेन सरकार

■ जेबी योञ्जन

**काठमाडौं–** केटीजस्तो भनेर प्रेम लामालाई कतिपय गाउँलेहरू खिसी गर्छन्। कतिले त 'हिजडा' भन्दै घृणा नै गर्छन्। उनलाई 'केटीजस्तो' र 'हिजडा' शब्दले साह्रै चित्त दुख्छ।

चितवनको राप्ती नगरपालिका-९ घर भएका उनीसँग अस्पतालमासमेत चिकित्सकहरूले त्यस्तै शब्द प्रयोग गरेर अपमान गरेको तीतो अनुभव छ। प्रभावसँग उनले भने, 'यस्तो कसैलाई पनि नभनियोस्। त्यसो भन्दा त आँसु झर्छ।'

काठमाडौंका ६४ वर्षीय मनोरञ्जनकुमार वैद्य त आफन्तजनबाट हेलामा छन्। उनीबाट आफन्तहरू धेरै वर्षदेखि टाढा छन्। आफू बहिष्करणमा परेको भन्दै उनलाई बुढचौली उमेरमा दुःख लागेको छ।

'आफन्तहरूले मलाई वास्ता गरेनन्। मैले आफ्नो पहिचान खोल्नासाथ एक किसिमले सामाजिक बहिष्कार खेप्नुपर्‍यो, खेपिरहेको छु,' उनले भने, 'मुखले होइन कि व्यवहारले बहिष्कार खेप्नुपरेको छ। यस्तो कसैलाई नहोस्।' लामा र वैद्यजस्तै लैंगिक तथा यौनिक अल्पसंख्यक ज्येष्ठ नागरिकहरूले वर्षौंदेखि समाज र परिवारमा भेदभावसँगै हिंसासमेत भोग्दै आएका छन्।

मितिनी नेपाल नामक संस्थाले गरेको एक अध्ययनअनुसार त्यस्तो हिंसा भोग्नेहरू ३१ प्रतिशत छन्। उनीहरूलाई साथी र सरकारी प्रतिनिधिहरूले समेत हिंसा गर्ने गरेको अध्ययनमा उल्लेख छ। ६५ प्रतिशत लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरू जीवन भोगाइका कारण शारीरिक र भावनात्मक रूपमा असुरक्षित ठान्छन्। तेस्रोलिंगी पहिचान र लैंगिक अभिव्यक्तिका कारण घर र घरधनीबाट २३ प्रतिशत निकालिएको प्रतिवेदनमा छ।

यस्तै, २७ प्रतिशत लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूसँग कार्यस्थलमा भेदभावको सामनासँगै तलब वृद्धि र बढुवा गर्न अस्वीकार गरेको अनुभव छ। २४ प्रतिशतले भने सहकर्मीहरूबाटै शारीरिक दुर्व्यवहार र हिंसा सहेको बताएका छन्।

जबकि, अधिकांश लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूको अपांगता छ। पक्षघात र पुरानो ढाड दुखाइबाट पाँच प्रतिशत अपांगता छँदा १२ प्रतिशत लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक अशक्त छन्। एक प्रतिशत लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूको दृष्टि कमजोर छ।

यस्तो पीडादायी अवस्थामा रहँदा सरकार उनीहरूको संरक्षक बन्न नसकेको गुनासो छ।

(क्रमशः पृष्ठ २ मा)



केटीजस्तो र हिजडा कसैलाई पनि नभनियोस्। त्यसो भन्दा त आँसु झर्छ।

**प्रेम लामा**



आफन्तहरूले मलाई वास्ता गरेनन्। मैले आफ्नो पहिचान खोल्नासाथ एक किसिमले सामाजिक बहिष्कार खेप्नु परिरहेको छ।

**मनोरञ्जनकुमार वैद्य**



समाज र परिवारबाट टाढा छौं। हाम्रो अवस्था नाजुक छ। परिवार बसाउने अधिकार हामीलाई कानुनतः छैन।

**लक्ष्मी घलान**
अध्यक्ष, मितिनी नेपाल

## चुनावमा पराजितहरू राष्ट्रिय सभामा छिर्ने दाउमा

निर्वाचन आयोगले हालै निर्वाचनमा पराजित कुनै पनि उम्मेदवार पाँच वर्षका लागि कुनै पनि निर्वाचनमा उम्मेदवार हुन नपाउने प्रस्ताव ल्याएको थियो

लगातार चुनाव र पार्टी निर्वाचन पनि हारेर कमजोर बनेका सिटौलालाई गगन थापा र प्रदीप पौडेलले पनि छाडेपछि राष्ट्रिय सभा अध्यक्ष जसरी बनिछाड्ने लबिइङमा छन्

नेपाली कांग्रेसमा पूर्वउपसभापति गोपालमान श्रेष्ठ र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पनि राष्ट्रिय सभा छिर्ने दाउमा छन्

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभा निर्वाचन नजिकिएसँगै उम्मेदवार छनोटबारे चर्चा सुरु भएको छ। फागुन २० गते राष्ट्रिय सभाका २० सदस्यको बिदाइ हुँदै छ। रिक्त स्थानका लागि निर्वाचन आयोगले माघ ११ गते चुनावको मिति तोकिसकेको छ।

दलहरू यतिबेला कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा छलफलमा जुटेका छन्। सत्ता गठबन्धनमा रहेका दलहरूले लगभग स्वीप गर्ने भएकोले एमालेलाई हाइसञ्चो देखिन्छ, यो विषयमा। नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टीमा भने उम्मेदवारको विषयमा रस्साकस्सी नै छ।

प्रधानमन्त्री पुष्पकमल दाहालका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलको राजीनामालाई कतिपयले राष्ट्रिय सभाको निर्वाचनसँग जोडेका छन्। यता नेपाली कांग्रेसमा पूर्वउपसभापति गोपालमान श्रेष्ठ र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पनि राष्ट्रिय सभा छिर्ने दाउमा छन्।

निर्वाचनमार्फत १९ जना आउने भएकोले कांग्रेसका श्रेष्ठ र सिटौला दुवै यही कोटामा उत्रन चाहेको बताइन्छ। सिटौला कोशीबाट उम्मेदवार बन्ने छन् भने श्रेष्ठ गण्डकीबाट। गठबन्धनको मतभार हेर्दा दुवै नेता सोझै निर्वाचित हुने देखिन्छ।

कोशीमा एमालेको मतभार चार हजार २१० छ। गठबन्धनसँग पाँच हजार ४७४ मतभार छ। गण्डकीमा गठबन्धनको तीन हजार ७७० र एमालेको दुई हजार ४५८ मतभार छ। यसरी हेर्दा सिटौला र श्रेष्ठ दुवैजना निर्वाचित हुने देखिन्छ।

### जनमतको अटेर

कांग्रेसबाट चर्चामा आएका सिटौला सदस्य हुँदै राष्ट्रिय सभाको अध्यक्ष बन्ने दाउमा छन्। निर्वाचन आयोगले हालै निर्वाचनमा पराजित कुनै पनि उम्मेदवार पाँच वर्षका लागि कुनै पनि निर्वाचनमा उम्मेदवार हुन नपाउने प्रस्ताव ल्याएको थियो। निर्वाचन आयोगले एकपटक चुनाव हारेको व्यक्तिले पाँच वर्षसम्म अर्को चुनाव लड्न नपाउनेगरी कानुनमा संशोधनसहित संसद्मा पेस गरेको छ। 'एकपटक चुनाव हारेको व्यक्ति फेरि उही पदका लागि उपचुनाव लड्नु भनेको जनादेशलाई अटेर गर्नु हो,' प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले त्यतिबेला भनेका थिए, 'जसरी पनि संसद्मा पुग्नैपर्ने रोगले राजनीति विकृत भएको छ, त्यसको उपचारार्थ कानुनमै पाँच वर्षमा एकपटकमात्रै चुनाव लड्ने व्यवस्था ल्याउनुपरेको हो।' यसअघि उपेन्द्र यादव उपचुनाव लडेर प्रतिनिधिसभामा छिर्दा यो विषयले राजनीतिक बजार तताएको थियो।

यद्यपि उक्त विधेयक ऐन बनेर आएको छैन। जसकारण पनि सिटौलालाई राष्ट्रिय सभाको सदस्य बन्न कुनै छेकबार नहुने बताइन्छ। यता कांग्रेसकै श्रेष्ठ पनि समानुपातिक सूचीको बन्द सूचीमा परेका नेता हुन्। पार्टीले डा. प्रकाशशरण महतलाई समानुपातिकबाट सांसद बनाएपछि श्रेष्ठ आउट भएका थिए। राष्ट्रिय सभा सदस्य बनेर अध्यक्ष बन्न श्रेष्ठ पनि तीव्र लबिइङमा लागेका छन्।

(क्रमशः पृष्ठ २ मा)





### राष्ट्रिय सभाबाट को-को हुँदै छन् बिदा ?

एमालेका दिलकुमारी रावल थापा 'पार्वती', रामचन्द्र राई, अध्यक्ष गणेश तिमिल्सेना, दीपा गुरुङ, कुमार दसौदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र इन्दु कडरियाको पदावधि सकिँदै छ। यसैगरी मनोनीत सांसद डा. विमला राई पौडेलको पनि पदावधि सकिँदै छ। उनी एमाले नेतृ हुन्।

कांग्रेसका रमेशजंग रायमाझी, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र अनिता देवकोटाको पदावधि सकिँदै छ। यता माओवादीका बिना पोखरेल, हरिराम चौधरी र महेशकुमार महरा बिदाइ हुने छन् भने एकीकृत समाजवादीका सिंगबहादुर विश्वकर्मा र नन्दा चपाईंको पदावधि सकिँदै छ। मधेस प्रदेशबाट जसपाका प्रमिला कुमारी र स्वतन्त्र सदस्य खिमलाल देवकोटाको फागुन २० गते बिदाइ हुने छ।

सन्दर्भः वैदेशिक रोजगार

## इजरायल रोजगारीको नाममा ठगी गर्ने गिरोह सक्रिय

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि इजरायलमा पठाइदिने भन्दै ठगी गर्ने गिरोह सक्रिय रहेको पाइएको छ। वैदेशिक रोजगार विभागले मंगलबार एक विज्ञप्ति जारी गर्दै इजरायलमा रोजगारीको अवसर भन्दै ठगी गर्ने गिरोह सक्रिय रहेको उल्लेख गरेको छ।

इजरायलको विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाइ ठगी गिरोहले गैरकानुनीरूपमा रकम उठाउने गरेको सूचना जानकारीमा आएको विभागले जनाएको छ। रोजगारीको प्रलोभन देखाउने यस्ता गिरोहबाट सचेत रहन विभागले आग्रह गरेको छ। कुनै व्यक्ति वा समूहलाई इजरायलमा श्रमिक पठाउने स्वीकृति नभएको उल्लेख गर्दै विभागले नेपाल-इजरायल सरकारबीच सम्पन्न श्रम सम्झौता बमोजिममात्रै इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपाली सहायक कामदारहरू पठाउने काम भइरहेको उल्लेख गरेको छ।

त्यस्तै इजरायलको कृषि क्षेत्रमा नेपाली श्रमिकहरू पठाउने सम्बन्धमा पनि कुनै निर्णय नभएको विभागले प्रस्ट पारेको छ। यस विषयमा द्विपक्षीय सरकारबीच छलफल भइरहेको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए। 'इजरायलका विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाइ ठगी गर्ने व्यक्ति तथा समूहले गैरकानुनी रूपमा रकम उठाउने गरेको सूचना विभागमा आएको छ,' उनले भने, 'यस विषयमा विभागले सूक्ष्म अनुसन्धान सुरु गरिसकेको छ, तर पनि सम्बन्धित सबैलाई सचेत रहन आग्रह गर्दै विज्ञप्ति जारी गरेका हौं।'

विभागले कृषि क्षेत्रमा 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत नेपालीहरू जाने गरेकामा हाल त्यस्तो कार्य रोकिएको जनाएको छ। अन्य क्षेत्रमा पनि रोजगारीको प्रलोभन देखाउँदै हुनसक्ने ठगीबाट सचेत रहन विभागले आग्रह गरेको छ। द्विपक्षीय सम्झौताबमोजिम हाल सरकारले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपाली सहायक कामदार पठाउँदै आएको विभागले उल्लेख गरेको छ।

केही दिनयता इजरायलको कृषि क्षेत्रमा श्रमिकको माग रहेको भन्दै विभिन्न गिरोहले लुकीछिपी अन्तरवार्तासमेत लिएको खबर बाहिरिएपछि विभागले अनुसन्धान अघि बढाएको बताइएको छ।




## धर्ना जुलुस नगर्न इपिएस कोरिया शाखाको आग्रह

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागअन्तर्गतका इपिएस कोरिया शाखाले भाषा परीक्षामा आवेदन दिन नपाउनेहरूलाई धर्ना, जुलुस तथा विरोधका कार्य नगर्न आग्रह गरेको छ। शिप बिल्डिङ क्षेत्रमा जान भाषा परीक्षा दिएर पास नभएकाहरूले उत्पादनमूलक क्षेत्रको परीक्षामा पनि आवेदन दिन पाउनुपर्ने माग राख्दै कार्यालयमा धर्ना दिन थालेपछि शाखाले उक्त आग्रह गरेको हो। शाखाले दक्षिण कोरियामा उत्पादनमूलक क्षेत्रमा आएको मागअनुसार कामदार पठाउन सञ्चालन गर्न लागिएको भाषा परीक्षाका लागि आवेदन खुला गरेको छ। जसमा शिप बिल्डिङतर्फ भाषा परीक्षामा अनुत्तीर्ण भएकालाई सहभागी नगराइएको भन्दै विरोध भइरहेको छ।

दिनहुँ विरोध प्रदर्शन हुन थालेपछि शाखाले मंगलबार एक विज्ञप्ति जारी गर्दै उत्पादनमूलक क्षेत्रको परीक्षामा आवेदन दिन पाउनुपर्ने माग राख्दै ज्ञापनपत्र पेस गरी धर्ना, जुलुसजस्ता कार्यहरू गरिरहेको सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। ज्ञापनपत्रमा उल्लेख गरिएको मागको सम्बन्धमा दक्षिण कोरियाको नेपालस्थित सम्पर्क कार्यालय एचआरडी सर्भिस अफ कोरिया, इपिएस सेन्टर नेपाल र अन्य सम्बन्धित निकायहरूसँग छलफल भइरहेको शाखाले जनाएको छ। सो सम्बन्धमा अन्तिम निश्कर्ष आउनासाथ सूचना प्रकाशित गरिने बताइएको छ।

यही मंसिर १९ गते प्रकाशित २०२३ को उत्पादनमूलक क्षेत्रतर्फको कोरियन भाषा परीक्षाको फाराम भर्ने सूचनाको बुँदा नं. ५ को (च) मा उल्लेख भएको विषयलाई हटाउनुपर्ने २०२३ को शिप बिल्डिङतर्फको परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीहरूको माग छ। उक्त बुँदामा २०२३ को शिप बिल्डिङतर्फको परीक्षा सहभागी भएका परीक्षार्थीहरूले सन् २०२३ मा नै हुने कुनै पनि क्षेत्रको कोरियन भाषा परीक्षाका लागि आवेदन दिन नपाउने उल्लेख गरिएको छ। शिप बिल्डिङको क्षेत्रमा ३२ हजार बढी परीक्षार्थीले भाषा परीक्षा दिए पनि चार हजार ९८ जनामात्रै उत्तीर्ण भएका छन्। अनुत्तीर्ण भएका २८ हजारभन्दा बढीलाई पनि पुनः उत्पादनमूलक क्षेत्रको परीक्षामा सहभागी गराउनुपर्ने माग राख्दै केही दिनदेखि शाखा कार्यालयमा धर्ना दिइरहेका छन्।




## पृष्ठ १ बाट क्रमशः

### चुनावमा पराजितहरू...

उनले यसका लागि समानुपातिक बन्दसूचीबाट आफ्नो नाम हटाइसकेको राष्ट्रिय सभा सदस्यसमेत रहेका कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जनाए ।

**सिटौलाले देउवाबाट पाउलान् बक्सिस् ?**

कुनैबेला गिरिजाप्रसाद कोइरालाले काखी च्यापेका सिटौला पछिल्लोपटक पार्टीमा भूमिकाविहीन छन् । लगातार चुनाव हार्दा र पार्टी निर्वाचन पनि हारेका उनको गुटमा पनि क्षयीकरण जारी छ । १३औं महाधिवशेनमा गगन थापा च्यापेका सिटौलालाई १४औंमा आइपुग्दा गगनले साथ छाडे । १४औंमा सिटौलाले प्रदीप पौडेललाई काखी च्यापेका थिए । तर केही समय नबित्दै प्रदीप शेखर खेमातिर ढल्किसकेका छन् । यसरी कमजोर बन्दै गएका सिटौलाले महाधिवेशनमा भने लगातार देउवालाई साथ दिँदै आएका छन् ।

कतै पनि अवसर नपाएका सिटौला यसपटक राष्ट्रपति बन्ने दाउमा थिए । तर उनका लागि रामचन्द्र पौडेल भारी बन्दा अब राष्ट्रिय सभाको अध्यक्ष पद पनि नछाड्ने अवस्थामा सिटौला पुगेको बताइन्छ । खासै भूमिका नभए पनि संवैधानिक परिषद्मा एक मत हुने भएकोले सिटौला जसरी पनि यो पदमा आउन रुचाएका छन् । सिटौला आफैं बोल्ने नेता भने होइनन् । अहिले कमजोर भन्दै गएपछि केही युवा नेताहरू बटुलेर टक सेन्टरमार्फत देशका विभिन्न स्थानमा पार्टीका कार्यक्रम सञ्चालन गर्दै आएका छन् । उनले आफू राष्ट्रिय सभामा आउन चाहने विषयमा कोशीका पूर्वमुख्यमन्त्री उद्धव थापालाई बोल्न लगाएका छन् ।

कांग्रेसले राष्ट्रिय सभा सदस्यका उम्मेदवार कसलाई बनाउने भन्ने विषयमा मंसिर २९ गते केन्द्रीय कार्यसम्पादन समितिको बैठक डाकेको छ । उक्त बैठकमा देउवाले उम्मेदवारको नाम प्रस्ताव गर्ने तयारी गरेको बताइएको छ । पार्टीमा लगातार असफल सिटौलाले यसपटक देउवाबाट 'बक्सिस्' पाउने आश गरेको बताइन्छ ।

### अभिभावक बन्न...

यसप्रति लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूको अधिकारको पक्षमा वर्षौंदेखि बहस र पैरवीको क्षेत्रमा क्रियाशील संस्था मितिनी नेपालकी अध्यक्ष लक्ष्मी घलानको असन्तुष्टि छ ।

'समाज र परिवारबाट टाढा छौं । हाम्रो अवस्था नाजुक छ । परिवार बसाउने अधिकार हामीलाई कानुनतः छैन,' उनले भनिन्, 'कानुन बनाएर व्यवस्थापन गर्न सरकारले सकेको छैन । हामी दुःखी छौं ।'

जीवनको उत्तराद्ध निकै कष्टकर बनेको गुनोसो यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरूको छ । मानव अधिकारको उपभोग गर्नबाट समेत वञ्चित भएको भन्दै जीवन जिउने क्रममा विकराल परिस्थितिको सामना गरिरहनुपरेको पीडा पोखेका छन् ।

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका ३१ प्रतिशत जेष्ठ नागरिक त विवाहबाटै वञ्चित छन् । यस समुदायका ३३ प्रतिशत जेष्ठ नागरिक परिवारले अलग्याइएपछि एक्लै बस्दै आएका छन् । ५३ प्रतिशत भने आफ्नो परिवारसँग बस्दै आएका छन् ।

यस समुदायका धेरै ज्येष्ठ नागरिकहरू पूर्णरूपमा बेरोजगार छन् । केही भने ढल्किँदो उमेरमा समेत यौन पेसामा छन् । नगण्य मात्रामा पूर्णकालीन रोजगारी प्राप्त गर्नेहरू रहेको अध्ययनले देखाएको छ । आयआर्जनको आधारमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मानिसहरूको यस्तो स्थिति देखिँदा अर्कोतिर उनीहरू लामो समयदेखि लैंगिक पहिचानको लडाइँमा छन् । परिवार र समाजबाट हुने घृणा र अपमानजनक व्यवहारविरुद्ध पनि उनीहरू संघर्षरत छन् । तर, जीवनको उत्तरार्धमा यस समुदायका ज्येष्ठ नागरिकहरूले एक्लोपन र खाद्यसँगै स्वास्थ्य सुरक्षामा समस्याको महसुस गरिरहेका छन् ।

जुन समस्याको समाधानका लागि यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मानिसहरूको छुट्टै वृद्धाश्रम खाँचोबारे बहस भइरहेको छ । यसबारे घरपरिवार र आफन्तबाट अन्ततः टाढिएका ६४ वर्षीय मनोरञ्जनकुमार वैद्य 'लैंगिकमैत्री वृद्धाश्रम' तात्कालिक आवश्यकता भएको बताउँछन् ।

'बिरामी हुँदा गाह्रो हुन्छ । संरक्षक छैन । त्यसले गर्दा लैंगिकमैत्री वृद्धाश्रम चाहिन्छ,' उनले भने, 'किनभने हामी अरु (पुरुष/महिला)सँग समायोजन हुन सक्दैनौं र हामीमाथि घृणा हुन्छ ।' संविधानले लैंगिक तथा यौनिक अल्पसंख्यकलगायतका सम्पूर्ण व्यक्तिलाई समान अधिकार र संरक्षण प्रदान गरेको छ । कुनै पनि अवसरबाट वञ्चित नगरिने पनि भनिएको छ । किनभने विभेद, अपमान, घृणासँगै अवसरबाट वञ्चित गर्नु कानुनविरोधी कृत्य हो । तर, पनि लैंगिक तथा अल्पसंख्यक ज्येष्ठ नागरिकहरू यी सबै कृत्य भोग्न विवश छन् ।

इन्सेकको प्रतिवेदन

# १६ दिने अभियानमा ६२ हिंसाका घटना

**काठमाडौं (प्रस)–** लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान अवधिमा ६२ वटा महिला तथा बालिकाविरूद्ध हिंसात्मक घटना भएको पाइएको छ । अनौपचारिक सेवा केन्द्र (इन्सेक)ले सार्वजनिक गरेको प्रतिवेदनमा बालअधिकारसम्बन्धी १९, महिला अधिकारसम्बन्धी ३९ र चारवटा हत्याका घटना भएको जनाइएको हो । बालअधिकारमा १३ बलत्कार, चार यौन दुर्व्यवहार, दुई बेचबिखनका रहेका छन् ।

यस्तै महिला अधिकारमा सातवटा बेचबिखनको प्रयास, पाँच बालत्कार, १३ घरेलु हिंसा, एक यौन दुर्व्यवहार, पाँच बेचबिखनका घटना अनुगमनका क्रममा पाइएको इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले सार्वजनिक गरेको विज्ञप्तिमा जनाइएको छ । सबैभन्दा बढी हिंसाका घटना मधेस प्रदेशमा २६ वटा रहेका छन् । त्यसपछि बागमती प्रदेशमा १२, लुम्बिनी प्रदेशमा ११, गण्डकीमा पाँच, कोशीमा चार, कर्णाली र सुदूरपश्चिममा दुई-दुईवटा पाइएको जनाइएको छ ।

नेपालमा यही मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म (नोभेम्बर २५ देखि डिसेम्बर १०) 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने नाराका साथ महिला हिंसाविरुद्धको १६ दिने अभियान मनाइएको थियो । नेपालमा यस अभियानको थालनी सन २००४ देखि गरिएको हो । महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाका आधारमा प्रतिवेदन तयार पारेको इन्सेकले नेपालमा महिलामाथिको हिंसा विगतका वर्षमाभन्दा कम हुँदै आए पनि सन्तोषजनक नभएको जनाएको छ ।

# ठगी आरोपमा दुईजना पक्राउ

काठमाडौं (प्रस)- मुद्दा मिलाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्जको प्रहरीले सोमबार काठमाडौंको नागार्जुन नगरपालिका-१ रानीवन बस्ने रीतु राई र निरेश चौधरीलाई पक्राउ गरेको हो । राई भोजपुर र चौधरी बर्दियाका हुन् ।

उनीहरूमाथि मुद्दा मिलाइदिन्छु भन्दै ९९ लाख ७५ हजार रूपैयाँ ठगी गरेको अभियोग छ । आपराधिक विश्वासघात र संगठित अपराधसमेत मुद्दामा कारागार कार्यालय जगन्नाथ देवलमा पुर्पक्षका लागि थुनामा रहेका सुर्खेत वीरेन्द्रनगर नगरपालिका-५ घर भएका रेवन्त खड्काको मुद्दा मिलाई थुनामुक्त गराइदिन्छु भन्दै खड्काका परिवारबाट पटक-पटक गरी उक्त रूपैयाँ ठगी गरेको खुल्न आएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# 'गरिखाने शिक्षा'का लागि काठमाडौं विश्वविद्यालयसँग सम्झौता

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिका र काठमाडौं विश्वविद्यालयले सामुदायिक शिक्षा सुधारका लागि सहकार्य गर्ने भएको छ । महानगर र विश्वविद्यालयबीच सामुदायिक शिक्षा सुधारका लागि कार्यक्रम सञ्चालन गर्न नीतिगत सम्झौता भएको छ ।

सोमबार महानगरका शिक्षा अधिकारी सीताराम कोइराला र विश्वविद्यालय स्कूल अफ एजुकेसनका डीन प्रा.डा. बालचन्द्र लुइँटेलले सम्झौतापत्रमा हस्ताक्षर गरे । सम्झौतापत्रमा हस्ताक्षर गर्न आयोजित समारोहमा महानगरकी उपप्रमुख सुनिता डंगोल, प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी र विश्वविद्यालयका उपकुलपति डा. भोला थापाको उपस्थित रहेका थिए ।

महानगरपालिकाले चालु आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याएको गौरव योजना 'गरी खाने शिक्षा, महानगरको इच्छा' लाई दिगो र प्रभावकारी रूपमा सञ्चालन गर्नु सहकार्यको मुख्य उद्देश्य रहेको महानगरले जानकारी दिएको छ । 'योजनामा टिचर कलेज कार्यक्रम समावेश छ । यो कार्यक्रममा शिक्षकहरूको क्षमता विकास तालिम उपलब्ध गराइने छ,' महानगरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ, 'शिक्षकसँगै शैक्षिक गुणस्तर सुधारमा योगदान गर्न चाहने व्यक्तिहरू सहभागी हुन सक्नु हुने छ । यसरी सञ्चालन हुने तालिममा दिइने प्रमाणपत्रलाई वृत्ति विकासका लागि योग्यता मानिने छ ।'

सम्झौताबमोजिम शिक्षामा सीप, पुस्तकरहित शुक्रबार तथा बाल सञ्जाल गठन तथा सशक्तीकरण, शिक्षक विद्यार्थीको प्रविधिमैत्री सीप विकास कार्यक्रम, शिक्षण सिकाइ पेडागोजीमा सुधार, विद्यार्थीको नतिजा सुधार र प्रारम्भिक बाल विकास कक्षाको स्तरोन्नतिका लागि सहकार्य हुने महानगरको भनाइ छ । कार्यक्रम विश्वविद्यालयको स्कूल अफ एजुकेसनमार्फत कार्यान्वयनमा आउने जनाइएको छ ।

'टिचर कलेज कार्यक्रम महानगरपालिकाको नयाँ कार्यक्रम हो । यसमा विद्यालयका शिक्षक तथा सम्लग्न जनशक्तिको दक्षता बढाउन तालिम सञ्चालन हुने छ । यसरी सञ्चालन भएका तालिमबाट प्राप्त गरेको अंकका आधारमा योग्यता निर्धाण हुने छ । यसका लागि छोटो अवधिको पाठ्यक्रम तयार पारिने छ,' महानगरले भनेको छ ।

महानगरका अनुसार जनशक्तिको क्षमता विकासका क्षेत्र र आवश्यकता पहिचान गर्ने, पाठचक्रम र शिक्षण सिकाइ विधि तयार पार्ने स्कूल अफ एजुकेसनले गर्ने छ । यसका लागि आवश्यक पर्ने समय, जनशक्ति तथा अन्य प्रशासनिक खर्चको लागत अनुमान तयार पारेपछि कार्यक्रमगत सम्झौता हुने महानगरले जनाएको छ ।

सम्झौतापछि बोल्दै उपप्रमुख डंगोलले असल नागरिक उत्पादन गर्न महानगरपालिकाले शिक्षा सुधारका लागि लगानी गरेको बताइन् । 'हामीले तयार पारेका कार्यक्रम तत्काल कार्यान्वयन गर्न चाहन्छौं । यसबाट नीतिमा सुधार गर्नुपर्ने कुनै अवस्था देखियो भने सुधारको अवसर प्राप्त हुने छ,' उनले भनिन्, 'एउटा होइन, सबै सामुदायिक विद्यालय नमूना हुनुपर्छ । नानीबाबुलाई विद्यालय पठाउने बेला हरेक अभिभावकको मनमा सामुदायिक विद्यालयको चित्र आउने बनाउनुपर्छ ।'

विश्वविद्यालयका उपकुलपति डा. थापाले व्यक्ति, समुदाय र देशको उन्नतिका लागि परम्परागत तथा रैथाने ज्ञान र छोटो अवधिको तालिमबाट प्राप्त अंकका आधारमा योग्यता निर्धारण गर्नुपर्ने बताए । यसले व्यक्तिको उत्पादनशीलता बढाउने उनको भनाइ छ ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०८/२७ गते)

श्री सिंह राज तामाङको नातिनी, श्री मान बहादुर तामाङको छोरी, श्रीमान् निल कुमार तामाङको पत्नी काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं १, ओखिनी बस्ने बिरी लक्ष्मी तामाङको मिति २०८०/०४/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सुन्दरीजल शाखामा रहेको खाता नं २८३०१६०४९१०००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा विजय तामाङले यस बैंक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज विजय तामाङ बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय सुन्दरीजलमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय सुन्दरीजल फोन नं. ०१-४८०००७२



**कार्यक्रम परिवर्तन गर्ने सम्बन्धमा दाबी विरोध गर्ने सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२५) (दोश्रो पटक प्रकाशित मितिः २०८०/०८/२७)

मिति २०८०/०८/२० को सञ्चालक समितिको निर्णय बमोजिम एलबिईएफ विद्यापिठ प्रा.लि. (प्रा.लि. नं. २७१०६/०६०/०६१) अन्तर्गत सञ्चालित संस्था, लर्ड बुद्ध एजुकेशन फाउण्डेशनमा हाल संचालनमा रहेका BA (Hons) Business Management (BBM) कार्यक्रमको सट्टामा B. Sc. (Hons.) Computer Science को कार्यक्रम सञ्चालन गरिने निर्णय भइ सोही अनुसारको प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा यो सूचना प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचना साथ अनुरोध गरिन्छ ।

**एल् बि ई एफ् विद्यापिठ प्रा.लि.**

का.म.न.पा.-३०, मैतिदेवी, काठमाडौं, फोन नं.: ०१ ४४११८०५, ४४२४४३१



**युएइमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL MILAD ENGINEERING CONSTRUCTION CO. LLC

पूर्व स्वीकृति मिति:२०८०/०८/04 चलानी नं.६०२१०२३१ LT. No.295128

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 1200 | ४३५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOR | 20 | 0 | 1000 | ३६३०५ | | | | | | | |
| 3 | MASON | 30 | 0 | 1200 | ४३५६६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः
रामजानकी होटल, जनकपुर, धनुषा मितिः २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।
होटल टाइम लेस, बिर्तामोड, झापा मितिः २०८० पौष ५ गते (21th Dec. 2023) मा हुनेछ ।
होटल गोल्डेन बुद्ध, कपिलबस्तु मितिः २०८० पौष ६ गते (22th Dec. 2023) मा हुनेछ ।
बि.एस. टेक्निकल इस्च्यु, शम्भुमार्ग काठमाडौं मितिः २०८० पौष ७ गते (23th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAUGAT EMPLOYMENT SERVICE PVT. LTD. श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FLEX FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२६ LT. No. 296329 चलानी नं. ६०२११४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner/cleaning worker | 75 | 0 | 800 | २९०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क :१०,०००/-कामदार आफैंले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD. श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL MOUFID HOSPITALITY CLEANING & GENERAL SERVICES CO WLL

पूर्व स्वीकृति मिति : २०८०/०८/२६ LT. No. 296335 चलानी नं. ६०२११३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 11 | 0 | 1000 | ३६६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493



**Free Visa!! Free Ticket!! Free Recruitment !!**
**युएईको फाइभ स्टार होटलमा निःशुल्क वैदेशिक रोजगारको अवसर**

कम्पनी : MIRAMAR AL AQAH BEACH RESORT

पूर्व स्वीकृति मिति २०८०/०८/२५ LT. No. 296266 चलानी नं. ६०२११३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 5 | 0 | 1400 | ५०,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 5 | 5 | 1900 | ६९,०४० | | | | | | | |
| 3 | Mini Bar Attendent | 5 | 0 | 1000 | ३६,३३५ | | | | | | | |
| 4 | Room Attendant | 15 | 15 | 1000 | ३६,३३५ | | | | | | | |
| 5 | Waiter/waitress | 15 | 15 | 1200 | ४३,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356847, 9802356846, 9863194839
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SULTAN FAHD BIN MUBARAK AL SHAIBANI GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८०/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२६ LT. No. 294607 चलानी नं. ६०२०९६७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६४,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd. श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०५/२४ LT. No. 282544 चलानी नं. ६०२११४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३५,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०८/२४ LT. No. 296098 चलानी नं. ६०२११४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 100 | 0 | 1000 | ३५,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd. ISHAN OVERSEAS श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## जलवायु परिवर्तनको असर हिमालमा धेरै

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जितबहादुर आलेमगरले जलवायु परिवर्तनको असर हिमाललाई परेको बताएका छन् ।

अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा नेपाल पर्वतारोहण संघद्वारा आयोजित आठौं पर्वतीय महोत्सवको समापन समारोहमा उनले नेपालको परिचय नै हिमालसँग जोडिएको र जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा परिरहेको बताए । जलवायु परिवर्तनमा नेपालको दोष नभए पनि त्यसको प्रतिकूलताको असर भोग्नुपरेको उल्लेख गर्दै उनले हिमाल र हिमाली संस्कृति जोगाउनुपर्नेमा जोड दिए ।

हिमाल हाम्रा सम्पत्ति भएको चर्चा गर्दै मन्त्री आलेमगरले हिमालले नै नेपाललाई विश्वमाझ चिनाएको बताए । नेपाल पर्वतारोहण संघका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले नेपालमा पर्वतीय पर्यटन बढाउन र त्यसको महत्त्व बुझाउन महोत्सव आयोजना गरिएको बताए । हिमाल र पदयात्राका लागि मुख्य प्रवेशद्वार बनाउन महोत्सव गरिएको उनले बताए ।

संघका प्रमुख कार्यकारी अधिकृत तथा महोत्सवका संयोजक जिनेश सिन्दुराकारले पोखरास्थित पर्वतीय संग्रहालयमा बर्सेनि महोत्सवसँगै वार्षिक क्यालेण्डर नै बनाएर कार्यक्रम बनाएर लैजाने योजना रहेको जानकारी गराए ।

# माइनस १६ मा झर्‍यो मनाङको तापक्रम

**मनाङ–** जाडो बढेसँगै हिमाली जिल्ला मनाङको तापक्रम दैनिक घट्दै गएको छ । मंसिरको अन्तिम साता आइपुग्दा यहाँको तापक्रम घटेर माइनस १६ डिग्री सेल्सियस पुगेको छ । बिहानीपखको तापक्रम माइनस आठदेखि १० को हाराहारीमा भए पनि रातिमा करिब माइनस १६ देखि १८ डिग्रीसम्म पुग्ने गरेको छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेका अनुसार मनाङ सदरमुकाम चामे आसपासका क्षेत्रमा माइनस १६ देखि १८ डिग्रीसम्म पुग्ने गरेको छ । तापक्रम मापन गर्दा अत्यन्त कम देखाउँदै गएको उनले बताए । जसका कारण यहाँको जनजीवन कष्टकर बन्दै गएको उनको भनाइ छ ।

'चिसोले धारामा पानी जमेको छ भने खोलानालामा पनि पानी जम्दै गएको छ,' प्रजिअ लामिछानेले भने, 'बाटोमा हिउँ छ । सवारीसाधनको आवतजावत न्यून मात्रामा छ । पिउने पानी जोहो गर्नै मुस्किल हुन थालेको छ ।' चिसो बढ्दै जाँदा यहाँका पूर्वाधार निर्माणका काम ठप्प भएको प्रजिअ लामिछानेले जानकारी दिए ।

चामे गाउँपालिकाले सूचना जारी गरी विकास निर्माणमा प्रयोग हुने सिमेन्टजन्य काम नगर्न आग्रह गरेको छ । निमित्त प्रमुख प्रशासकीय अधिकृत नमनारायण मल्लले चिसोका कारण सिमेन्टसँग सम्बन्धित निर्माण कार्यमा समस्या हुने भएकाले काम बन्द गर्न भनिएको बताए ।

पूर्वाधार कार्यालय मनाङका प्रमुख जय विष्टले भने, 'चिसो अत्यधिक छ । त्यसैले सिमेन्टजडित कार्य ठप्प भएको छ । योजनाको नापजाँच, परीक्षणको काम गरिरहेका छौं ।'

पहिलो हिमपात हुनासाथ यहाँका शैक्षिक संस्था बन्द भएका छन् । शैक्षिक संस्था बन्द भएपछि यहाँका अधिकांश स्थानीय जाडो छल्न जिल्लाबाहिर गएका छन् । यहाँका स्थानीय लमजुङ, काठमाडौं, पोखरातर्फ झर्ने क्रम जारी रहेको छ ।

चिसोका कारण स्थानीय तल झरेपछि नार्पाभूमि गाउँपालिकामा रहेका दुई प्रहरी चौकी सदरमुकाम सारिएको प्रजिअ लामिछानेले जानकारी दिए । उनका अनुसार नार्पाभूमिका अत्यावश्यक कामकाजका लागि सदरमुकामस्थित चामे गाउँपालिका-३ कोतोमा अस्थायी कार्यालय स्थापना गरी सेवा प्रवाह भइरहेको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) एकाइ कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले चिसो बढिरहेको अवस्थामा पनि पर्यटकको आगमन भइरहेको बताए । 'सिजन'मा भन्दा पर्यटकको आगमन कम भए पनि आउने क्रममा जारी रहेको उनले जानकारी दिए । उनले भने, 'चिसोमा पनि दैनिक १५ देखि २० पर्यटक आएका छन् । बाटोमा केही मात्रामा हिउँ छ । हिउँ खेल्दै रमाउँदै पर्यटक थोराङ्ला भञ्ज्याङ, तिलिचो तालतर्फ जाने आउने भइरहेको छ ।' माथिल्लो क्षेत्रमा रहेका होटल व्यवसायी पूर्णरूपमा बन्द नभएको भुजेलले जानकारी दिए ।

पर्यटकलाई मौसमसम्बन्धी जानकारीका साथै बाटोमा हुनसक्ने जोखिमलाई मध्यनजर गरी यात्रा गर्न सुझाव दिँदै आएको उनले बताए । मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका किसान सोनाम लामाले धेरैजसो गाउँले तल झरेका बताउँछन् । आफूहरू घर कुर्न र याक चौँरी हेर्न घरमै बसेको उनले बताए । उनले भने, 'चिसोमा माउ चौँरी र युवा अवस्थाका याकलाई खुवाउन र बचाउन सजिलै हुन्छ । तर, चिसोमा बच्चालाई जोगाउन भने मुस्किल हुन्छ । ठूला पशुचौपायले पानी, घाँस आफैं खोज्न सक्छन् ।'

'लामो समयसम्म हिमपात भयो भने अलिअलि जम्मा गरेर राखेको घाँस सकिन्छ र खान नपाई दुब्लाएर मर्ने गर्छन् । जाडो मौसममा बच्चालाई गोठ बनाएर राखिन्छ भने हिउँ बढी परे पनि ठूला पशुचौपायलाई हिउँमै छाड्नुपर्छ । जाडोमा घाँस कम हुने भएकाले दूध पनि कम हुने हुँदा बच्चालाई मात्र पुग्छ । हामीले यो समयमा दूध दुहुँदैनौं,' उनले भने, 'लेकका खर्कबाट गाउँघर नजिक याक चौँरी ल्याइन्छ । नावर पनि याक चौँरीसँगै अलि तल नै झर्छन् । जसले गर्दा हिउँ चितुवा पनि पशुचौपाया नजिकै आहाराका लागि आउने गर्दछन् । यसबाट जोगाउन पनि हामी यहाँ बस्नुपर्ने हुन्छ ।' *रासस*

### कालिका नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### रेडक्रसग्राम, चितवन

**विषय: बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८०।०८।२७

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

| S.N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 008/Works/ NCB/KM/080/081 | SANA KISAN SAHAKARI CHOWK DEKHI WHILER HATCHARY SAMMA BATO KALOPATRE | 2080-07-03 (BS) | 53,77,606.01 | Nava You Nirman Sewa, Jutpani, Chitwan, Nepal | |

प्रमुख प्रशासकीय अधिकृत

## नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/१२/०३ दर्ता भएको प्रा. लि.नं. ७१३६२ को **अल्वेज डिपार्टमेन्टल स्टोर प्रा.लि.** यस कार्यालयको मिति **२०८०/०८/२६** को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) वमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/०३/१० मा दर्ता भएको प्रा.लि. नं. ३१४५०९ को **जि.जि.पि. जेनिअस ग्रोथ प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## सार्वजनिक सूचना

**मुद्दा नं. ०७६-cp-५०३८, ०७६-cp-१५६८, ०७६-cp-५०३९ अभियान फाट नम्बर-९**

**काठमाडौं जिल्ला अदालतबाट जारी भएको लाल बहादुर श्रेष्ठको छोरा काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका साविक वडा नं. ३३ वतन भई हाल भक्तपुर जिल्ला चागुनारायण नगरपालिका वडा नं. २ स्थित टीकामाया राईको घरमा डेरा गरी बस्ने बर्ष ५६ को नारायण बहादुर श्रेष्ठका नाउँको ७ (सात) दिने म्याद.....................................**

उप्रान्त वादी तपाई र प्रतिवादी सुजानाराज भण्डारी समेत भएको मु. नं. ०७६-cp-१५६८ को लुटपिट मुद्दा, मु. नं. ०७६-cp-५०३८ को जग्गा खिचोला मुद्दा र मु. नं. ०७६-cp-५०३९ दुषित निर्णय बदर दर्ता बदर समेत मुद्दामा तपाईका नाममा म्याद जारी गरी पठाएकोमा तपाई र तपाईको घर समेत फेला नपरेको भनी वेपत्ते म्याद तामेल भई आएकोले यस अदालतबाट मिति २०८०/०७/२४ मा भएको आदेशानुसार तपाईका नाउँमा यो सात दिने म्याद प्रकाशित गरिएको छ । यो म्याद प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र यस अदालतमा आफै वा कानून बमोजिम वारेस पठाउनु होला । म्याद भित्र हाजिर नभए कानून बमोजिम हुनेछ । पछि तपाईको कुनै उजुर लाग्ने छैन।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/२७ गते)

श्री भक्त शिल्पकार/कृष्णश्वरी शिल्पकारको छोरी, जगत बहादुर शिल्पकारको श्रीमती भक्तपुर जिल्ला, भक्तपुर न.पा वडा नं ०३ बस्ने कृष्ण लक्ष्मी शिल्पकारको मिति २०७९/१०/१५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको भक्तपुर शाखामा रहेको बचत खाता नं.१३५०११७०३५४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय भक्तपुरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय भक्तपुर फोन नं. ०१-६६१०३००

## सलुसन हर्बल कम्पनी प्रा. लि.

केन्द्रीय कार्यालय वनस्थली-१६, काठमाडौं, उद्योग- सिद्धलेक १, धादिङ, बागमती प्रदेश, नेपाल

**विषय : दररेट प्रकाशित गरेको बारे**

उपरोक्त सम्बन्धमा यस उद्योगद्वारा उत्पादित तपसिल बमोजिमका आयुर्वेद औषधिहरुको खुद्रामूल्य सरकारी संस्था, गैर सरकारी संस्था, थोक विक्रेता, खुद्रा विक्रेता तथा उपभोक्ता लगायत सम्बन्धित सबैलाई मध्ये नजर गरि स्थानिय डिलरलाई दिइएको सूविधा समेत घटाई जानकारीका लागि मिति २०८०।०८।०१ देखि लागू हुने गरी दररेट प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.सं | औषधिहरु | प्याक साइज | थोक मूल्य | खुद्रामूल्य |
|---|---|---|---|---|
| १ | अविपत्तिकर चुर्ण | ५० ग्राम. | ७६।- | १२०।- |
| | | १०० ग्राम. | १४७- | २३०।- |
| | | ५०० ग्राम. | ६४०।- | १०००।- |
| २ | हिंग्वास्तक चुर्ण | ५० ग्राम. | १०२।- | १६०।- |
| | | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| ३ | लवणभाष्कर चुर्ण | ५० ग्राम. | ७६।- | १२०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| ४ | सेतोपलादि चुर्ण | ५० ग्राम. | ८३।- | १३०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| ५ | पुस्यानुग चुर्ण | ५० ग्राम. | १०४।०- | १६५।- |
| | | १०० ग्राम. | २०४।०- | ३२०।- |
| | | ५०० ग्राम. | ८६४।- | १३५०।- |
| ६ | अमलाकी चुर्ण | ५० ग्राम. | ७०।- | १२०।- |
| | | १०० ग्राम. | १३०।- | २२०।- |
| | | ५०० ग्राम. | ५९०।- | १०००।- |
| ७ | त्रिफला चुर्ण | ५० ग्राम. | ४८।- | ७५।- |
| | | १०० ग्राम. | ९२।- | १५०।- |
| | | ५०० ग्राम. | ४१६।- | ६५०।- |
| ८ | रोहितकाद्य चुर्ण | ५० ग्राम. | १०२ ।- | १६०।- |
| | | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| ९ | तालीशादि चुर्ण | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| १० | अश्वगन्धा चुर्ण | ५० ग्राम. | १२४।- | २१०।- |
| | | १०० ग्राम. | २२६।- | ४००।- |
| | | ५०० ग्राम. | १०२४।- | १६००।- |
| ११ | निम्वादि चुर्ण | ५० ग्राम. | ९०।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| १२ | त्रिकटू चुर्ण | १०० ग्राम. | १९२।- | ३००।- |
| १३ | पञ्चसकार चुर्ण | १०० ग्राम. | १३४।- | २१०।- |
| | | ५०० ग्राम. | ६४०।- | १०००।- |
| १४ | दशमूल चुर्ण/क्वाथ | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| १५ | यष्टिमधू चुर्ण | ५० ग्राम. | ८०।- | १४०।- |
| | | १०० ग्राम. | १४६।- | २६०।- |
| | | ५०० ग्राम. | ६७३।०- | ११५०।- |
| १६ | गूडूची चुर्ण | ५० ग्राम. | ८९।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २६०।- |
| | | ५०० ग्राम. | ६४०।- | ११५०।- |
| १७ | बिल्वादी चूर्ण | ५० ग्राम. | ८९।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| १८ | जामुन चूर्ण | ५० ग्राम. | ८९।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| १९ | चन्दनादी चुर्ण | ५० ग्राम. | १०२।- | १६०।- |
| | | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| २० | ज्वानो चुर्ण | १०० ग्राम. | १४०।- | २५०।- |
| २३ | कायाप्लस चुर्ण | १०० ग्राम. | २१०।- | २५०।- |
| २२ | सतावरी ग्रेनूअल्स | १०० ग्राम. | १९४।- | ३५०।- |
| २३ | गन्धक रसायन | १० ग्राम. | १०२।- | १६०।- |
| | | १०० ग्राम. | ९६०।- | १५००।- |
| २४ | त्रिफलागूग्गल | २५ ग्राम. | १३४।- | २१०।- |
| | | १०० ग्राम. | ५४४।- | ८५०।- |
| २५ | योगराजगूग्गल | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६१४।- | १०००।- |
| २६ | कैशोर गूग्गल | २५ ग्राम. | १५०।- | २५०।- |
| | | १०० ग्राम. | ६१४।- | १०००।- |
| २७ | कञ्चनार गूग्गूल | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| २८ | महायोगराजगूग्गल | १० ग्राम. | १७९।- | २८०।- |
| | | १०० ग्राम. | १६००।- | २५००।- |
| २९ | ग्यासोकल्प ट्याव्लेट | ३० ग्राम. | २१०।- | २५०।- |
| ३० | पाइलोकल्प ट्याव्लेट | ३० ग्राम. | २९४।- | ३५०।- |
| ३१ | अश्वगन्धाक्याप्सु | ३० ग्राम. | २००।- | ३२०।- |
| ३२ | निमक्याप्सूल | ६०क्याप | २००।- | २५०।- |
| ३३ | अर्जन क्याप्सूल | ६०क्याप | २१०।- | २५०।- |
| ३४ | शूद्ध शिलाजित | ६०क्याप | ३६५।- | ५७०।- |
| ३५ | चन्द्रप्रभावट्टी | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| ३६ | खदिरादिवट्टी | १०ग्राम. | ७६।- | १२०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| ३७ | सर्पगन्धघन वट्टी | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| ३८ | दशमूल तेल | ५० एम.एल. | १२८।- | २००।- |
| ३९ | ज्यात्यादी तेल | ५० एम.एल. | १२८।- | २००।- |
| ४० | महानारायण तेल | ६० एम.एल. | १२८।- | २००।- |
| | | १००एम.एल. | २२४।- | ३५०।- |
| ४१ | मेन्थादी तेल | ३० एम.एल. | ९६।- | १५०।- |
| | | ६० एम.एल. | १६०।- | २५०।- |
| ४२ | वातारी तेल | १०००एम.एल. | ८००।- | १२५०।- |
| ४३ | टंकण भष्म | १०ग्राम. | ५५।- | ८५।- |
| | | १०० ग्राम. | ५१२।- | ८००।- |
| ४४ | मृगमदासव | १५ एम.एल. | ६४।- | १००।- |
| ४५ | श्वास भूषण | १५ एम.एल. | ६२।- | ९८।- |
| ४६ | तुलसी काढा | १०० ग्राम. | १२८।- | २००।- |
| ४७ | गूडूची काढा | १०० ग्राम. | ८०।- | १२५।- |
| ४८ | प्रेशाकल्प ट्याव्लेट | ३० ग्राम. | २३९।- | २८५।- |
| ४९ | षड्विन्दु तेल | १५ एम.एल. | ५६।- | ८५।- |
| ५० | महासुर्दशन | ५० ग्राम. | ९६।- | १५०।- |
| ५१ | बालामृत एस | ६० एम.एल. | ७०।- | ११०।- |
| | | ११०एम.एल. | ८९।- | १४०।- |
| ५२ | च्यावन प्राश | २०० ग्राम. | २१०।- | २५०।- |
| | | ५०० ग्राम. | ३४८।- | ४१५।- |
| ५३ | महाशंखवट्टी | १०० ग्राम. | ७६८।- | १२०० |
| | | १० ग्राम. | ८३।- | १३०।- |


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOINT POWER AUTOMOTIVE WLL

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२६ | LT. No. : 287373 | चलानी नं. ६०२०२६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६१,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gateman | 2 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Technician | 1 | 0 | 1100 | ४०,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ४ गते (20th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
